'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com प्रेस काउन्सिल नेपालद्धारा 'ख' मा बर्गिकृत साप्ताहिक

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा
सम्पर्कको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-info@rekhadekh.com

वर्ष ५ | अंक २३ रुकुम | २०७६ जेठ ६ सोमबार | 20 May 2019 Monday | मुल्य २० | पृष्ठ ६



संघीयताका सत्रुहरु ! २



भुमेको प्राथमिकता शिक्षामा ४



यस्तो सहर : ठट्टा गर्न पाइँदैन ६

# सुस्त गतिमा नयाँ शहर आयोजना

रेखदेख संवाददाता
मुसीकोट

देशको दश नयाँ शहरको सूचीमा परेको रुकुमको चौरजहारी नयाँ शहर आयोजनाको काम सुस्त गतिमा रहेको छ । मध्यपहाडी लोकमार्ग अर्न्तगत १० नमूना शहरको सूचीमा परेको रुकुम पशिचमको चौरजहारीमा विकास निर्माणले गति लिन नसकेको स्थानीयले गुनासो गरेका छन् ।

नयाँ शहर आयोजना अर्न्तगत व्यवस्थित वसपार्क, गुणस्तरिय सडक, विद्युत, चौरजहारी भ्याली भित्र रिङरोड निर्माण, टावन प्लानिङ जस्ता आधारभुत काम समेत अगाडि वढन नसकेको स्थानीयवासी तिलक भण्डारीले जानकारी दिएका छन्। उनले भने,'नयाँ शहर आयोजनाको काम कछुवा गतिमा रहेको छ।'



नेपाल सरकारले आर्थिक वर्ष २०६८/६९ सालमा चौरजहारीलाई देशको नमूना शहर निर्माणको लागि सरकाले घोषणा गरेको थियो। नयाँ नमूना शहर घोषणा भएको झण्डै ७ वर्ष वित्दा सम्म विकासले गति लिन नसकेको भन्दै स्थानीयले गुनासो गरेका छन्।

नयाँ शहर अर्न्तगतका केही नयाँ सडक निर्माणको काम भएपनि र व्यवस्थित बसपार्क, बजार आसपासका सडक निर्माण तथा कालोपत्रे हुन सकेको छैनन् । विशेषगरी विकासमा स्थानीयको साथ नहुँदा केही समस्या भएको चौरजहारी नयाँ शहर आयोजनाका प्रमुख जगदिश लामिछानेले बताएका छन्। उनका अनुसार - 'हरेक विकास गर्दा पनि जग्गा आवश्यक पर्ने र जग्गाधनीले सहज रुपमा जग्गा उपलव्ध नगराउँदा केही काममा ढिलाई भएको जनाए। तर अन्य नयाँ शहर आयोजना भन्दा चौरजहारी नयाँ शहर आयोजनाले विकासमा गति लिएको प्रमुख लामिछानेले जानकारी गराएका छन् । उनका अनुसार नयाँ शहर आयोजना क्षेत्राधिकार भित्रका काम अगाडी वढाएका छौं, केही काम निर्माण भईरहेका छन, केही डिपिआर तयार भैरहेको चौरजहारी नयाँ शहर आयोजनाले जानकारी दिएको छ। कार्यायलका अनुसार- चौरजहारी रिङरोड निर्माणधिन अवस्थामा रहेको छ। यसका साथ चौरजहारीको चिप्लेटीदेखी गुर्तालगाउँ, न्याउली बजार सम्मको सडकको डिपिआर तयार हुँदैछ । चौरजहारी नयाँ शहर आयोजना अर्न्तगत १३ किलोमिटर निर्माण सकिएको र कालोपत्रेको काम समेत सुरु हुन थालेको बताएको छ। १ सय ६५ सौर्यबत्ति जडान मुख्य सडकका साथै बजारक्षेत्रमा गरि एको जनाएको छ।

# नेपाल पत्रकार महासंघको आन्दोलन

रेखदेख संवाददाता
मुसीकोट

संसदमा दर्ता भएको मिडिया काउन्सिलको विरुद्धमा नेपाल पत्रकार महासंघले दोस्रो चरणका आन्दोलनका कार्यक्रम घोषणा गरेको छ। महासंघको बैठकले दोस्रो चरणको आन्दोलन घोषणा गरेको हो।

नेपाल सरकार मन्त्री परिषदवाट पारित भई संसदमा बैशाख २६ गते दर्ता भएको मिडिया काउन्सिल सम्वन्धी विधेयकका प्रावधानप्रति महासंघको गम्भीर ध्यानाकर्षण भई त्यसको विरोधमा पहिलो चरणको आन्दोलन सफलतापूर्वक सम्पन्न भएको निष्कर्ष महासंघले निकालेको छ। पहिलो चरणको आन्दोलन सफल पार्न सहयोग पुऱ्याउने आम सञ्चारकर्मी, मानव अधिकारवादीहरु, पेशागत संघसंगठनहरु, नागरिक समाज र सम्बन्धित सबैमा महासंघ हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछ। पहिलो चरणको आन्दोलन सम्पन्न हुँदासमेत सरकारले महासंघले उठाएका जायज मागहरु सम्वोधन गर्नेतर्फ कुनै गम्भीरता देखाएको छैन । समस्या समाधान गर्न सरकार सकारात्मक नदेखिएकाले महासंघले दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ । केन्द्रीय समितिको बैठक अघि पत्रकार महासंघको आयोजनामा संचार सम्वद्ध विभिन्न संघ, संगठन र संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुसँग संयुक्त बैठक बसेको थियो। तर उक्त बैठकमा प्राप्त सुझाव समेतका आधारमा मिडिया काउन्सिल विधेयकको प्रेस स्वतन्त्रता विरोधी प्रावधानका विरुद्ध महासंघले निम्नाअनुसार विरोधका कार्यक्रम तय गरेको छ।

महासंघले दोस्रो चरणको आन्दोलन बैशाख ६ गते देखी २५ गते सम्मको लागि आन्दोलन घोषणा गरेको जनाएको छ।

# 'उच्च अदालतको निर्णय कार्यन्वयन नगराउनु'

रेखदेख संवाददाता
चौरजहारी

इजाजत प्राप्त मदिराजन्य बस्तुको आयात निर्यातमा रोक नलगाउन उच्च अदालत सुर्खेतले गरेको अन्तरिम आदेश कार्यान्वयन नगर्न सर्बोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ।

सर्बोच्च अदालतका न्यायाधीश टंकवहादुर मोक्तानको एकल इजलासले उच्च अदालतको आदेश यस सम्बन्धी निवेदनको पूर्ण टुंगो नलागेसम्म कार्यान्वयन नगर्न आदेश दिएको हो। जिल्ला समन्वय समितिको निर्णयमा समाजको वृहत्तर हितलाई ध्यानमा राखी वैधानिक रुपमा अनुमति लिई मदिराजन्य पदार्थ उत्पादन, बिक्रि वितरणलाई व्यवस्थित गर्ने र मापदण्ड विपरित भएको पाईएमा बन्द गराउने भन्ने उल्लेख भएको देखिएकाले इजाजत पत्र प्राप्त मदिरा व्यवशायमा रोक नलगाउन उच्च अदालतले दिएको अन्तरिम आदेश कार्यान्वयन नगर्न सर्बोच्च अदालतले आदेश दिएको छ।

मदिराका कारण जिल्लामा अपराधिक गतिविधिमा बृद्धि भएको भन्दै यसअघि जिल्ला समन्वय समिति रुकुम पश्चिमले गत माघ ५ गते जिल्लामा भएको मदिरा व्यवस्थापन गर्नका लागि जिल्लामा मदिरा आयात, उत्पादन र बिक्रि वितरणमा रोक लगाउने निर्णय गरेको थियो । उक्त निर्णय अनुसार माघ ६ गतेबाट जिल्लामा मदिरा आयात बन्द भएको थियो भने फागुन १६ गतेबाट मदिरा बिक्रि वितरण तथा सेवनमा रोक लागेको थियो । निर्णय खारेजको माग सहित मदिरा व्यवसायिले दिएको मुद्दामा गत फागुन ३० गते उच्च अदालत सुर्खेतले मदिरा व्यवशाय संचालनमा रोक नलगाउन अन्तरिम आदेश दिएको थियो।

मदिरा व्यवस्थापनमा सर्बोच्च आदलतले साथ दिने जिल्ला समन्वय समिति रुकुम पश्चिमका प्रमुख राजकुमार शर्माले बताएका छन्।

मदिरा व्यवसायी संघका अध्यक्ष नविन खड्काले भने, 'अदालतले भनेको हामी मान्छौं, हामिलाई विश्वास छ इजाजतपत्र प्राप्त व्यवसाय हरुको पक्षमा सर्बोच्च अदालतले अन्तिम फैसला गर्नेछ।

सडक दुर्घटनाबाट जोगिन
ट्राफिक नियमको पालना गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

डिग्रे शाइकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मुसिकोट न.पा.१ खलंगा रुकुम मिति : २०७६/०२/०३

डिग्रे शाइकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड.मुसिकोट न.पा.१ खलंगा रुकुममा तपसील बमोजिमको पद आवश्यकता परेको र उक्त पद खुल्ला प्रतियोगीतावाट पुर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरीकवाट दरखास्तको लागी १५दिने सार्वजनिक सूचना आव्हान गरीन्छ।

**विज्ञापन नं.०२/०७५/७६**

१.पद :- सहायक प्रवन्धक (प्रशिक्षार्थी) २. तह :- अधिकृत स्तर) ३.आवश्यक संख्या :- १ (एक)
४.सेवा :- करार ५.उमेर :-१८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ६. न्यूनतम शैक्षिक योग्यता र अनुभव :- व्यवस्थापन विषयमा स्नातक वा सो सरह उर्त्तीण गरि कम्प्युटर तालिम प्राप्त ७. आवेदन शुल्क :- रु.७००।- ८.सेवा र सुविधा :- संस्थाको नियमानुसार। ९.काम गर्ने कार्यालय : केन्द्रिय कार्यालय वा सेवा केन्द्र कार्यालय १०.प्राथमिकता :- सम्वन्धित क्षेत्र काम गरेको,ड्राइभिङ्ग लाइसेन्स प्राप्त, सहकारी लेखा सम्बन्धी आधारभूत तालिम प्राप्त उम्मेदवार लाई प्राथमिकता दिईनेछ। ११.निवेदन दिने अन्तिम मिति:- २०७६/२/१८ गते कार्यालय समय भित्र। १२.निवेदन दिने स्थान :- डिग्रे शाइकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड.खलंगा १मुसिकोट रुकुम।
१३. प्रारम्भिक छनौंट :- २०७६/२/२० गते १४. सम्पर्क मिति :-२०७६/२/२० गते दिनको ११.०० वजे
१५. परिक्षा हुने स्थान :- डिग्रे शाईकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड.खलंगा १मुसिकोट रुकुम।
१६.परिक्षाको किसिम : लिखित र अर्न्तवार्ता

**विज्ञापन नं.०३/०७५/७६**

१. पद :- कनिष्ट सहायक(प्रशिक्षार्थी) २.तह :- सहायक तेस्रो ३. आवश्यक संख्या :- २ (दुई) ४.सेवा :करार ५.उमेर :- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ६. न्यूनतम शैक्षिक योग्यता र अनुभव :- व्यवस्थापन विषयमा प्रमाणपत्र तह (+२) वा सो सरह उर्त्तीण गरि कम्प्युटर तालिम प्राप्त ७.आवेदन शुल्क :- रु.२००। :- ८. सेवा र सुविधा :- संस्थाको नियमानुसार। ९. काम गर्ने कार्यालय :- केन्द्रिय कर्यालय वा सेवा केन्द्र कार्यालयहरु १०. प्राथमिकता :-महिला ,स्थानिय र सम्वन्धित क्षेत्र काम गरेको उम्मेदवार लाई प्राथमिकता दिईनेछ। ११. निवेदन दिने अन्तिम मिति :-२०७६/२/१८ गते कार्यालय समय भित्र।
१२.निवेदन दिने स्थान :-डिग्रे शाइकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड.खलंगा १मुसिकोट रुकुम।
१३. प्रारम्भिक छनौंट :- २०७६/२/२० गते १४. सम्पर्क मिति :- २०७६/२/२० गते गते दिनको २.०० वजे
१५. परिक्षा हुने स्थान :( डिग्रे शाइकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड.खलंगा १मुसिकोट रुकुम।

**आवेदन फारामका साथ संलग्न गर्नु पर्ने कागजातहरु :-**

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी । २.शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपीहरु ।
३. तालीम तथा अनुभव प्रमाणपत्रका प्रतिलिपीहरु । ४.आवेदन फारामका साथ फोटो सहीतको वायोडाटा।
५. आवेदन फाराम रु.५० तिरि संस्थावाट लिनु पर्ने छ।

**पुनश्च :** म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन। निवेदन पेश गर्ने अन्तिम दिनमा यदी सार्वजनिक विदा परेमा पनि कार्यालय समयमा पनि निवेदन दर्ता गर्न सकिने छ। माथि उल्लेखित पदपुर्ति गर्ने नगर्ने अधिकार संस्थामा सुरक्षित रहने छ। विस्तृत जानकारीका लागी यस संस्थाको केन्द्रिय कार्यालय खलंगामा कार्यालय समयमा सम्पर्क गर्नुहोला।

**सदस्य सचिव**
**पदपुर्ति समिति**

'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

# कर्णाली प्रदेशमा विकासको आवश्यकता

नेपालका ७ वटा प्रदेश मध्ये कर्णाली प्रदेश विकासको हिसावले पछाडि परेको प्रदेश हो । अहिलेपनि कर्णाली प्रदेशका सबै जिल्ला तथा स्थानीय तहहरुमा जनताका आधारभुत आवश्यकता परपरर्ति हुन सकेका छैन् ।

गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सञ्चार, रोजगारी, यातायात जस्ता तमाम समस्याहरुले कर्णाली प्रदेशका जनताहरुलाई ग्रसित बनाएको छ । अझै कर्णाली प्रदेशका जनताहरुलाई रोग र भोकले समेत बेला-बेला सताउने गरेको पाईन्छ । कर्णाली प्रदेश नेपालका ७ वटै प्रदेश मध्ये सम्भावनानै सम्भावनाको प्रदेश हो । विशेषगरी जलविद्युत र जडिवुटीको यस प्रदेशमा राम्रो सम्भावना रहेको छ । यसका साथै अन्य सम्भावना पनि यस क्षेत्रहरु छन् । त्यसैले कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तह र प्रदेश सरकारले सम्भावनाको पहिचान गरी नीति तथा कार्यक्रम बनाएर अगाडि वढ्नु पर्ने जरुरी देखीन्छ । अर्को कुरा कर्णालीलाई शिक्षाले समेत नराम्रो गरी थल्याएको छ । समयमा पाठ्यपुस्तक नपुग्ने, प्रयाप्त शिक्षक दरवन्दी नहुँनु, शिक्षकले पढाउने भन्दा राजनीतिमा बढी सक्रिय हुनुले समेत शिक्षा क्षेत्रमा बढी प्रभावित पारेको देखिन्छ । कर्णाली प्रदेशको साक्षरदर हेर्ने हो अहिले पनि न्युन रहेको छ । यसको सुधार को लागि पहल गर्नु पर्ने आवश्यकता देखिन्छ । यसका साथै नीजि र सामुदायिक विद्यालयहरुमा समेत शिक्षामा भएको व्यापारीकरण रोकेर शिक्षा सुधार गर्न प्रदेश र स्थानीय सरकार तत्पर ताका देखाउनु पर्दछ । त्यसैले स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय सरकारले नीनि नियम र कानुन बनाएर अगाडि वढ्ेर कर्णाली लगायत अन्य प्रदेशको मुहार फेरौं ।

रेखदेख

पाठक वर्गमा अनुरोध

तपाईहरूलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।

- सम्पादक

# संघीयताका शत्रुहरू



डा.कोमल फुयाल

चित्रबहादुर केसीले पुष्पकमल दाहाललाई प्रश्न गरेको भिडियो केही दिनअगाडि देख्न पाइयो । चित्रबहादुर केसी सोध्छन् - "तपाईं बूढाहरूको रगत अब चिसो भइसक्यो, क्रान्ति गर्न सक्नुहुन्न भनेर हामीलाई छोडेर जंगल जानुभएको थियो । खोइ, के परिवर्तन भयो त ? त्यसपछि केसी उतिबेला जनताले भोग्नु परेका समस्याको सूची प्रस्तुत गर्छन् । भिडियोमा जवाफ दिन नसकेर छट्पटिएको अनुहार दाहालको देखिन्छ । अनि त्यस कार्यक्रममा उपस्थित मानिसहरू गललल हाँस्छन् । त्यो हाँसो हाम्रो समयको सबैभन्दा मंहगो हो । किनभने चित्रबहादुर केसीको भाषणमा जस्तै प्रधानमन्त्री केपी शर्मा ओली र उनका प्रवक्ता सूचना प्रविधि तथा सञ्चार मन्त्री गोकुल बाँस्कोटाको भाषणमा पनि त्यस्तै अट्टाहास सुनिन्छ । यो हाँसो नै परिवर्तनको विरूद्धमा हो भन्ने मलाई लाग्छ । हाम्रो समयको विडम्बना त्यही हाँसोको बीचमा नेतृत्व हुनु हो भन्ने पृष्ठभूमिमा राखेर संघीयतालाई खतरा पुग्र्याउन सक्ने संभावित पक्षलाई केलाउने प्रयत्न गरेको छु । राजनीतिक मूल्य र मान्यता निरपेक्ष वस्तु होइनन् । समय र स्थान सापेक्ष रहने, र तर्कको आधारमा समयानुकूल परिवर्तन आउँदा फेरबदल भइरहने मानवीय आकांक्षाका प्रतिरूपलाई निरपेक्ष ढंगले हेर्दा पुरातनवादी शक्तिको जन्म हुन्छ । यस्तो शक्तिले समाजका मानवीय सृजनशीलताको आधारलाई अस्वीकार गर्छ । त्यस्तै यसको पूर्णविपरीत शक्तिको कल्पना गर्ने हो भने समाज निर्माणको आधार पूर्ण सापेक्ष र प्रत्येक क्षण परिवर्तन भइरहन्छ भन्ने हुन्छ । हो, दोस्रो प्रारूपबाट हेर्ने हो भने समाज निर्माण र नियमन वाष्पीकरण प्रक्रियाको रूपमा देखिन सक्छ । यसको अर्थ समाजको भित्री तहमा पूर्णरूपको अराजकता वा तर्कहीन अवस्था रहन्छ भन्ने हो । यी दुवै दृष्टिले समाज निर्माणको प्रारूपलाई पूर्णतः निरपेक्ष मान्छन् । किनभने सापेक्षताको निर्विकल्प प्रस्तुति नै पनि एउटा निरपेक्ष धारणा हो । सत्तामा स्थापित भएर लामो समयसम्म त्यसको लाभ लिन सफल वर्ग समाजमा सधैं रहन्छ । यस्तो वर्गले राजनीतिक मूल्य र मान्यता स्थिर हुन्छन् भन्छ । उसका लागि समाजका नैतिक नियम पालना गर्नु अनिवार्य हुन्छ । किनभने त्यसको विरोधमा जानु सत्ताको वैधानिकतालाई अस्वीकार गर्नु हो । यसको परिणाम सत्ताबाट बाहिरिनु हुनपुग्छ जुन अवस्थाको कल्पना पनि सत्तामा बस्नेले प्रायः गर्न सक्तैनन् । यसका विभिन्न कारण हुन्छन् । पहिलो कारण, विद्यमान राजनीतिक मूल्य र मान्यता यस प्रकारको वर्गले आफ्नो हित संरक्षणका खातिर निर्माण गरेको हुन्छ । दोस्रो, राजनीतिक संरचनाका लागि संभावित चुनौतीलाई न्यूनीकरण गर्ने दमनकारी आदर्श यसमा पूर्वनिहित हुन्छन् । अन्तिम र अत्यन्त महत्तवपूर्ण कारण विद्यमान सत्ताले प्रदान गरेका विशेषाधिकार अभ्यास गर्ने व्यक्ति वा समूहको स्वार्थको रक्षा अभ्यासमा रहेका मूल्य र मान्यतालाई निरपेक्ष मान्दामात्र हुन सक्छ ।

नेपालको इतिहासलाई साक्षी मान्ने हो भने जंगबहादुरको उदय एउटा तरल राजनीतिक परिस्थितिमा भएको थियो । भीमसेन थापाको पतनले तयार गरेको शक्ति संघर्षको पृष्टभूमिमा व्यवहारवादी ढंगबाट उनी सत्ताको माथिल्लो तहसम्म चलाखीपूर्वक उक्लन सफल भए । उनले आफूलाई शक्तिमा उभ्याउन र त्यसलाई कायम राख्न लागि कुनै पनि प्रचलित नीति र नियमलाई तोड्न बाँकी राखेनन् । ठूलो परिवारको जिम्मेवारी बहन गर्नुपर्ने पारिवारिक बाध्यताका बीच अगाडि बढेका जंगबहादुरका लागि सबै राजनीतिक मान्यता सापेक्ष थिए । तर, जब उनी सत्ताको उच्च आसनमा विराजमान भए उनले आफू र आफ्नो परिवारलाई निरपेक्षरूपमा स्थापित गरे । उनले राजनीतिक संरचनाभित्र गएर केही नियम परिवर्तन गरे । एउटा परिवारको स्वार्थलाई कसरी कालान्तरसम्म राजनीतिक, आर्थिक, कानुनी, सामाजिक र परम्पराको रूपमा स्थापित गर्न सकिन्छ भन्नेतर्फ ध्यान दिए । सबै संरचनालाई आफ्नो सेवाका खातिर व्याख्या गर्न तथा संशोधन गर्न उनी पोख्त थिए । तसर्थ सबै संरचनाको निरपेक्ष मियोको रूपमा आफू र आफ्नो परिवारलाई स्थापित गर्न उनी सफल भए ।

यो प्रवृत्तिको पुनरावृत्ति इतिहासको कालखण्डमा पटक पटक भएको छ । नेपाली समाजको राजनीति विश्लेषण गर्न यो महत्वपूर्ण ढाँचा हुन सक्छ । हामीले २०६२-६३ पछिको राजनीतिक रूपान्तरणले प्रस्तुत गरेका बाचालाई ध्यानमा राख्ने हो भने यी दुई विपरीतजस्ता देखिने तर एउटै निरपेक्ष प्रवृत्तिको पुनरावृत्तिलाई सहजै अनुभूत गर्न सक्छौं । विसं २०५२ सालमा सुरू भएको जनयुद्धले सामाजिक तत्कालीन राजनीतिक संरचनाविरूद्ध धावा बोलेको थियो । साम्यवादी आन्दोलनको बुझाइ थियो : मौजुदा सामाजिक संरचनाले सामन्तवादी, सांस्कृतिक आधारहरूलाई पृष्ठपोषण गर्छ र त्यस राजनीतिक संरचनाबाट सृजित विभेदले सबै देशबासीको व्यक्तित्व विकासका लागि समान अवसरको हक खोसेको छ । उक्त हक स्थापित गर्न शाह वंश परम्परामा रहिचलिआएको रीतिस्थितिमा आमूल रूपान्तरण जनताको पक्षमा गर्नुपर्छ । त्यस समयको संयोजन आफैंमा अन्तर्विरोधयुक्त थियो । नेपाली कांग्रेस स्पष्ट बहुमत भएको सत्ता गुमाएर नौ महिनापछि सत्तामा पुगेको थियो । संसदीय प्रजातन्त्रिक अभ्यासलाई स्वीकार गरेर नेपाली कांग्रेसको एजेडामा दुई विपरीत शक्ति दरबार र कम्युनिस्ट २०४७ को संविधानमार्फत एउटा संझौतामा पुगेका थिए । हो, यस अर्थमा २०५१ सालको सेरोफेरो आफैंमा एउटा परस्पर विरोधी राजनीतिक शक्तिहरूको उपस्थिति भएको कालखण्ड हुनपुगेको थियो । हुन त २०४७ को संविधानलाई विश्वको सबैभन्दा उत्कृष्ठ दस्तावेज हो भन्नेहरूले त्यसलाई एउटा रोमाञ्चक कानुनी आधारका रूपमा स्वीकारेका थिए । यो संविधानको सबैभन्दा ठूलो वाचा भनेको आफूलाई परमसत्ताका रूपमा स्थापित गर्नु नै थियो । त्यसले आफूलाई महाआख्यान मानेर जीवनका हरेक प्रश्नको उत्तर दिने अभीष्ट साँचेको थियो । मानव मूल्य र मान्यतामा सबैभन्दा आमूल परिवर्तन सांस्कृतिक तथा प्राविधिकरूपमा भइरहेको इतिहासको सबैभन्दा तरल कालखण्डमा सबैभन्दा मजबुत सामाजिक संरचनाका लागि राजनीतिक आधार तयार गरिएको छ भन्नु नै भविष्यका प्रति सबै पक्षबाट गरिएको बेइमानी थियो । राजनीतिक अहंकार सबै राजनीतिक शक्तिहरूमा चढेको त्यस युगमा केही कामहरू सकारात्मक भए पनि भावी राजनीतिक आकांक्षाको आंकलन हुन नसक्नु सबैभन्दा दुर्भाग्यपूर्ण अवस्था हुन पुग्यो । त्यसै परिस्थितिमा पूर्ण सामाजिक परिवर्तनको निरपेक्ष कल्पना बन्न पुग्यो २०४७ सालको संविधानजस्तै । विसं २०५२ मा रोपिएको सामाजिक संरचनाको राजनीतिक रूपान्तरणको निरपेक्ष वाचाले समाजको गतिशीलतालाई अस्वीकार गर्न पुग्यो । तर्कको महत्वलाई इन्कार गर्‍यो, समाज सञ्चालन केही शक्तिको संझौतामा केन्द्रित हुन्छ भन्ने निष्कर्ष निकाल्यो र त्यसलाई अगाडि बढाउने कार्यनीति र रणनीति लियो । अब समाजमा रहेका कसैले उसको आन्दोलनप्रति असहमति राख्न नहुने भयो । असहमतिको परिणाम भौतिकरूपमै 'सफाया हुन्थ्यो । असहमतिको अर्थ पुरानो सत्ताप्रतिको बफादारी मानिन्थ्यो । इतिहासको सूक्ष्म अवलोकन गर्दा १९०३ मा राजनीतिमा उदाएका जंगबहादुर राणाको तीस वर्ष शासन अभ्यासमा स्थापित शक्तिका मानक नै २०५२ पछि 'समाज रूपान्तरणका लागि लड्नेहरूले अभ्यास गरेको देखिन्छ । फरक एउटैमात्र के हो भने जंगबहादुर राणाले वैधानिक शक्ति कब्जा गरेर आफूलाई राज्य प्रशासनको केन्द्रमा स्थापित गरी यस्तो सत्ताभ्यास गरेका थिए भने २०५२ पछि सशस्त्र आन्दोलनमा जनसत्ता निर्माण गरेर विद्रोही पक्षले उक्त सत्ताको वैधानिकताको हवाला दिँदै शक्तिको अभ्यास गर्‍यो । दुवै शासनको परम समानता भनेको विरोधी आवाजमाथिको पूर्ण प्रतिबन्ध हो । हामीले दस वर्षे जनयुद्धको ठीक ढंगले विश्लेषण गर्ने हो भने राज्य तथा विद्रोही पक्ष एउटै आदर्शले प्रेरित भएको देख्न सक्छौं । निषेधको राजनीतिभन्दा ठूलो सत्ता अभ्यास केही हुन सक्तैन । यस्तो राजनीतिमा एकल आवाजको कल्पना गरिन्छ र त्यसमा राष्ट्रिय एकता निर्भर छ भनिन्छ । यही एकात्मकता नै यो देशको सबैभन्दा ठूलो घातक चरित्र भएको पाइन्छ । हामीले २००७ सालमा प्रजातन्त्र आएपछि पनि सबैभन्दा ठूलो जटिलता भनेको निषेधको राजनीति नै भोगेका हौं । विसं २०१७ सालदेखि निषेधका तीस वर्ष चलेका थिए । पञ्चायतका यी तीस वर्ष एकात्मक राज्य सञ्चालनको सबैभन्दा नजिक र स्पष्ट राजनीतिक अनुभव हो हाम्रो समयबाट राष्ट्रिय सत्ताको इतिहासलाई अवलोकन गर्छ । यही निषेधको परम्पराको अन्तरवस्तुमा संघीयताका प्रधान शत्रु रहेका छन् जसका लागि निरपेक्षता र सापेक्षताको अभ्यास पहिचान गर्नु जरूरी हुन्छ ।

नेपालको राजनीतिक इतिहास र मूल्य संरचनाको निर्माणको प्रक्रिया हेर्ने हो भने रूपमा अत्यन्त खुकुलो देखिए पनि सारमा निरपेक्षता केन्द्रित राजनीतिक मूल्यको प्रवाह निरन्तर चलिरहेको छ । विसं २०६२-६३ पछिको अवस्थालाई हेर्ने हो भने निरपेक्ष राजनीतिको पुनरावृत्ति अझै रोचक भएर देखापर्छ । नेपाली कांग्रेसले दार्शनिकरूपमा चिर्न नसकेको २०५२ मा देखिएको २०४७ को संविधानमा रहेको विरोधाभाष र त्यस समयमा आत्मकेन्द्रित राजनीतिक नेतृत्वको अहंकारबाट निर्देशित राष्ट्रिय राजनीतिमा देखापरेका अन्तर्राष्ट्रिय शक्ति केन्द्रको प्रभाव, विज्ञान-प्रविधिमा भएको विकासको आमस्तरमा परेको प्रभाव र सांस्कृतिक मूल्य तथा मान्यतामा आएका रूपान्तरणले समाजमा स्थापित गरेको आधारले एउटा फरक परिवेशको निर्माण गरिरहेको थियो । हो, त्यही फरक परिवेशलाई आत्मसात गर्न नदिने तत्त्वले नै सामाजिक संरचनाको निरपेक्ष कल्पना रहेको थियो जुन राज्य पक्ष तथा विद्रोही पक्षमा कायम थियो । दुवैका शैली र अभ्यास निरपेक्षताको पृष्ठभूमिमा तयार रहेको पाइन्छ ।

विद्रोही पक्षले देखेको सपनामा संघीयता पनि थियो त्यस समयमा । संघीयताको सपना पनि निरपेक्ष नै थियो र त्यसलाई रोक्ने चेष्टा पनि निरपेक्ष नै थियो । यस अर्थमा हामी चित्रबहादुर केसी, दरबार, सैनिकलगायतका त्यस समयमा सक्रिय शक्तिहरू र संघीयताको हिमायतीलाई विपरीत ध्रुवका रूपमा लिन सक्छौं । तर दुवैको तर्क गर्ने प्रविधि, तौरतरिका भने एउटै रहेको थियो । राजनीतिलाई समय सापेक्ष बनाउन २०६३ मंसिर ५ गतेका दिन राज्य तथा विद्रोही पक्षबीच भएको विस्तृत शान्ति सम्झौताको मर्म स्वरूप राष्ट्रिय राजनीतिको सूत्रका रूपमा तयार भएको 'निर्विकल्प राष्ट्रिय सहमति र सहकार्य दोस्रो जनआन्दोलन पश्चातको प्रमुख अन्तद्वन्द्व हो । विश्वविद्यालय, प्रज्ञा प्रतिष्ठानलगायत देशमा ज्ञान निर्माण गर्ने संस्थामा शक्तिले प्रत्यक्ष हस्तक्षेप गर्ने वातावरण राष्ट्रिय सहमतिको राजनीतिले नै तयार गरेको हो । यसरी हेर्दा व्यवहारवादी राजनीतिको प्रवृत्ति पुनः सहतमा देखा पर्न पुग्यो । देश संघीय गणतन्त्र त भयो तर संघका सदस्यहरूको सादृश्य व्याख्या तयार गर्न २०७२ साल भदौ ३० गतेसम्म देशले कुर्नु पर्‍यो । त्यस दिन संसदले पारित गरेको संविधान २०७२ असोज २ गते लागु भएको घोषणा गरियो । वास्तवमा देशले एक दशकको राजनीतिक अभ्यास, चिन्तन गरेर तयार गरेको संविधानले संघीय राज्यका स्थानीय एकाइहरू प्राथमिकरूपमा कसका सदस्य हुन् भनेर व्याख्या गर्न बिर्सेको छ । संघीयता कार्यान्वयनको प्रमुख अभिभारा बोकेको सरकारले नै त्यस प्रकारको व्याख्या गर्न सकेको छैन । हाम्रो संघीयता तीन तहको हो भने केन्द्रीय संघका प्राथमिक सदस्य को हुन् - प्रान्तीय निकाय हुन् कि स्थानीय निकाय हुन् ? व्यवहारतः, कानुनतः, राजनीतिक दर्शनका आधारमा हामीले यसको जवाफ खोज्नुपर्छ ।

व्यवहारवादी राजनीतिले शक्ति सञ्जाल निर्माणलाई प्रमुख महत्व दिएको हुन्छ । जंगबहादुर राणादेखि राजा महेन्द्रसम्म देखिएको यस प्रवृत्तिलाई हामीले ध्यानमा राख्ने हो भने २०४७ सालपछाडि देखिएको राजनीतिक अदूरदर्शिता र राजनीतिक अपारदर्शिता नै २०६३ को जनआन्दोलन पछाडि पनि देखा परेको थियो । राष्ट्रिय सत्ताको बाहिर पञ्चायत कालमा विद्रोही नेपाली कांग्रेस र कम्युनिस्ट समूह संघर्षरत थिए । तर, त्यसभन्दा माथिको निरंकु अवस्थाको सृजना भएको यो अभूतपूर्व कालखण्डले तयार गरेका वैचारिक अवरोध नै संघीयता कार्यान्वयनका सबैभन्दा ठूला बाधा हुन् । हुन त २०६९ चैत्र १ गते सबै तार्किक तथा वैधानिक परिधि पार गरेर प्रधानन्यायाधीश खिलाराज रेग्मीको नेतृत्वमा गैरराजनीतिक तानशाही सत्ता निर्माण र अभ्यास पनि राजनीतिक दलहरूकै सहमतिमा भएको थियो । तथापि, त्यस समयमा पनि प्रतिपक्षको कल्पना भएन वा गरिएन । हो, यो प्रतिपक्षविहीन अवस्थाको कल्पना नै संघीयताको राजनीतिक यन्त्रलाई अगाडि बढाउन नदिने सबैभन्दा प्रमुख अवरोध हो । संविधान कार्यान्वयनको यस चरणमा देशले एकै पटक निर्वाचन गर्नुले संघीयताको बहुल चेतनालाई सापेक्ष रूपमा शासनको केन्द्रमा राख्ने मर्ममा प्रहार गर्न पुग्यो । प्रदेश नं. ३ को एउटा सामान्य उदाहरण दिने हो भने यो यथार्थ प्रष्ट हुन्छ । संघीय सरकारको प्रमुख प्रधानमन्त्री केपी शर्मा ओली हुन् । प्रदेश नं.३ को मुख्यमन्त्री डोरमणि पौड्याल हुन् भने काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य हुन् । सूक्ष्म दृष्टिले हेर्दा यो निर्वाचन एकै समयमा हुन पुगेको हुनाले भिन्नभिन्न तहमा एउटै चेतनाको विस्तार सत्तामा स्थापित भएको छ । केन्द्रीय सत्ताको अनुशासनभन्दा बाहिर प्रदेशको र स्थानीय तहको नेतृत्व जान सक्ने अवस्था देखिएन । आफ्ना दलका क्याप्टेनलाई 'क्रस गरेर 'जुनियर नेताले राजनीतिक भविष्य दाउमा राख्न सक्तैनन् । अन्ततः उनीहरूले क्याप्टेनको 'कमान्ड मान्नु नै पर्छ । त्यसैले शेरधन राईले प्रदेश नं. १ लाई किरात प्रदेश भनी नामांकन गर्न सक्तैनन् । किनभने उनका क्याप्टेनलाई त्यो मन पर्दैन । यसरी संघीय संरचना लागु गर्दा सबैभन्दा ठूलो एकात्मक अभ्यास स्थापित हुन पुगेको छ जसले निषेधलाई प्रमुख ऊर्जा मान्छ । ऐतिहासिक विश्लेषणबाट वर्तमान समयको चेतनाको प्रवाहमा आएका विभिन्न अन्तद्वन्द्हरूलाई हामीले कसरी चिन्छौं र राज्यका नीतिहरू तिनको विरूद्धको युद्धमा कसरी केन्द्रित हुन्छन् भन्ने कुरामा हामीले संघीयताको सफलता वा असफलताको मार्ग चुन्ने कुरा निर्भर गर्दछ । अति आत्मरतिले उब्जाएको खतरा र सत्ताको केन्द्रमा स्थापित विरोधाभाषले आफ्नो युगको 'जनयुद्धको नेतृत्व गरेका पुष्पकमल दाहाललाई पुनः जंगल जाने सोच पलाउन बाध्य पारेको भान हुन्छ । हुन त बहुलवादी नेतृत्वको अभ्यास सत्तारूढ पार्टीले गरे पनि सारमा हेर्दा नीतिगतरूपमा वर्तमान समाजको अन्तर्द्वन्द्वलाई सम्बोधन गर्ने खासै रूचि अभ्यासले नदेखाएको हुनाले संघीयताको मर्म संस्थागत हुनेमा पनि पूर्ण विश्वास गरिहाल्ने आधार देखिँदैन ।

*बाह्रखरी डटकमबाट*

# रेखदेख

रुकुमको लोकप्रिय पत्रिका

२०७६ जेठ ६ सोमबार । 20 May 2019 Monday




# चार महिनामा साढे ३८ लाखको दुध निर्यात

**रेखदेख संवाददाता**
**रुकुम पूर्व**

रुकुमबाट साढे ३८ लाख रुपैयाँको दुध निर्यात भएको छ। रुकुम पश्चिमको मुसीकोट नगरपालिका ४ सोलावाङ्मा सञ्चालित नागरिक दुग्ध सहकारी संस्थाले ४ महिनामै ३८ लाख ६४ हजार मुल्य बराबरको दूध जिल्लाबाहिर निर्यात गरेको हो ।

गत पुस महिनामा सञ्चालनमा आएको सहकारी संस्थाले दूध बिक्रीबाट ३८ लाख ६४ हजार रुपैयाँको कारोबार गरेको संस्थाका अध्यक्ष धिरन सिर्पालीले जानकारी दिएका छन् ।

उनका अनुसार -'तीन तीन दिनको फरकमा जिल्लाका विभिन्न स्थानबाट संकलन गरिएको दूध नेपालगञ्ज पठाइन्छ। चार महिनाको अवधिमा यहाँबाट साढे ६९ हजार लिटर दूध नेपालगञ्ज पठाइएको अध्यक्ष सिर्पालीले जनाए। जिल्लाका विभिन्न १४ स्थानमा संकलन केन्द्र स्थापना गरेर किसानले उत्पादन गरेको दूध बिक्री वितरण गर्ने गरेको अध्यक्ष सिर्पालीको भनाइ छ। चार महिनाको अवधिमा झण्डै ७४ हजार ५ सय लिटर दुध संकलन गरेको भए पनि जिल्लामा खपत भएर बचेको ६९ हजार लिटर जिल्लाबाहिर निर्यात गरेको उनले बताए ।

गाउँमा किसानले उत्पादन गरेको दूध नियमित रुपमा बिक्री हुन थालेपछि किसानहरु पनि खुशी भएका छन् । दूध बेच्नको लागि कुनै समस्या नभएको सानीभेरी गाउँपालिका ११ का यामबहादुर खड्काले जनाए । पहिले गाउँमा दूध उत्पादन हुने भए पनि बजारको समस्याका कारण बिक्री नहुने गरेको समस्या अहिले नरहेको बताए ।

किसानले उत्पादन गरेको दूधलाई सहकारीले प्रतिलिटर ४२ रुपैयाँमा खरिद गर्दै आएको छ । किसानले हरेक महिनाको अन्तिममा दूधको मूल्य पाउने गरेका छन्। सहकारीले यहाँको दूधलाई सहज रुपमा जिल्लाबाहिर निर्यात गर्नको लागि र गाउँगाउँबाट सहकारीमा दूध जम्मा गर्नको लागि तीनवटा गाडीको व्यवस्था गरेको छ। दुई वटा गाडीले गाउँमा उत्पादन गरेको दूधलाई संकलन गर्ने र एउटा चिलिङ् भ्यानले नेपालगन्जमा लैजाने गरेको सहकारीका अध्यक्ष सिर्पालीको भनाइ छ ।

गाउँमा स्थापना भएका संकलन केन्द्रमा हरेक दिन किसाले दूध ल्याउने र त्यहाँबाट सहकारीको गाडीले सहकारीमा जम्मा गर्दै आएको छ। दैनिक ३ सय ३० जना किसानले उत्पादन गरेको दूध सहकारीमा जम्मा हुने गरेको सहकारीले जनाएको छ ।

१ करोड ३० लाख लगानीमा दुग्ध सहकारी स्थापना गरिएको सहकारीका सचिव छविलाल केसीले जनाए। सहकारीमा कर्णाली प्रदेश भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको ७९ लाख आर्थिक सहयोग छ भने अन्य सबै लगानी शेयर सदस्यको रहेको छ ।

सहकारी संस्थाले बार्षिक दुई करोडको दुध संकलन गरी उत्पादन गर्ने लक्ष्य राखेको छ ।



बेमौसमी तरकारी खेतीमा स्थानीय किसानहरु। गाउँ गाउँमा सडक पुगेपछि स्थानीय किसानहरु व्यवसायी तरकी खेतीमा आर्कर्षित भएका छन् । तस्वीरः **रेखदेख साप्ताहिक**


यस TNT टेक्निकल कलेज

मुसिकोट नगरपालिका-१, रुकुम (पश्चिम)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**पढाई हुने कोर्षहरु**

| ३ वर्षे कोर्षहरु | | १५ महिने कोर्षहरु |
|---|---|---|
| • General medicine(HA)<br>• Staff nurse, pharmacy<br>• Lab techinican (CMLT)<br>• Dental Hyggienic<br>• Radiography | • Diploma in civil<br>• Diploma in electrical<br>• Diploma in computer<br>• Diploma in electronic<br>• l .sc. Ag., vet<br>• foresty | • C.M.A. ANM<br>• Lab assistant<br>• Sub overseer<br>• Agriculture JTA<br>• Vet JTA. Amin |

**हाम्रा विशेषताहरुः-**

- अनुभवी ख्याती प्राप्त बिषयविज्ञ प्रशिक्षकबाट अध्ययन गराईने ।
- प्रत्येक हप्ताको एक पटक मोडेल टेस्ट गराईने र कमजोर विद्यार्थीका लागि छुट्टै कक्षाको व्यवस्था ।
- विद्यार्थीहरुले चाहेको कलेजमा इन्ट्रान्स दिने व्यवस्था मिलाईने
- विद्यार्थीहरुलाई CTEVT को Scholarship मा नाम निकाल्न सफल भएको ।
- विद्यार्थीहरुलाई सत प्रतिशत नाम निकाल्ने गरि पठन पाठन गराईने ।
- उत्कृष्ट विद्यार्थीहरुलाई Scholarship को व्यवस्था भएको ।
- दलित अपाङ्ग पिछडिएको वर्गलाई विशेष छुट गरिने ।
- English Language /Computer Basic पुर्ण रुपमा निशुल्क सिकाईने
- समुहमा आउने विद्यार्थीलाई विशेष छुटको व्यवस्था भएको ।

**नोट : यस रुकुममै TNT टेक्निकल कलेजमा १५ महिने टेलिकम टेक्निसियन कम्प्युटर अपरेटर र विल्डीङ इलेक्ट्रिसियन सञ्चालन भईरहेको व्यहोरा जानकारी गराईन्छ ।**

**थप जानकारिको लागी**

TNT टेक्निकल कलेज

मुसीकोट न.पा.-१ खलंगा (सानोभेरी एफ.एम. भएको घरमा हाईस्कुल जाने बाटो) रुकुम (पश्चिम) सम्पर्क : ९८२२८२२८९५ ,९८६९७०७३४० र ९८१०९६९६६५



**बहु उद्देश्यीय सम्पर्क सेवा प्रा.लि.**
**व्यवसायीक जीवनको सहयोगी साथि**

- ■ स्थानीय तथा बहु राष्ट्रिय कम्पनीका उत्पादित बस्तुको खरिद विक्रीका साथै घर जग्गा कारोबार तथा बैकिङ कारोबार सम्पर्क सेवा ।
- ■ विभिन्न व्यवसायीक तथा सामाजिक क्षेत्रका विषयहरुमा गरिने भेला, प्रशिक्षण, अन्तरक्रिया विचार तथा कार्याशाला गोष्ठी, तालिमको सशुल्क व्यवस्थापन सेवा ।
- ■रोजगारदाता कम्पनी, संस्था कार्यालयहरु सँगको समन्वय तथा सहकार्यमा दक्ष जनशक्ति मजदुरहरु आयात निर्यात गर्ने सेवा ।
- ■ फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरुको व्यवस्थापन सेवा ।
- ■कम्प्युटर टाईपिङ, फोटोकपी, प्रिन्ट, लेमिलेसन, एमआरपी फारम भर्ने काम गरिन्छ ।
- ■पत्रिका वितरण तथा विज्ञापन संकलन गर्नुका साथै विद्युतीय छापा सञ्चार माध्यमको लागि पनि विज्ञापन संकलन गरिन्छ ।
- ■ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरिएर सेवा उपलब्ध छ ।

**प्रबन्धक निर्देशक :-** उपेन्द्रलाल कामी
**सर्म्पक नं.** ९८४४९१७४८५, ९८०९८२५७९२


## रेखदेख साप्ताहिक राशिफल

६-१२ जेठ २०७६
20-26 May 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५




**मेष :** हतारमा निर्णय गर्दा समस्या आउने देखिन्छ । स्वास्थ्यमा केहि प्रतिकुलता रहने समय छ। प्रयास तथा मेहनत बाट रोकिएका कामहरु बन्ने समय रहेको छ । गोपिनियतामा बिशेष ख्याल गर्नुहोला । नसोचेको कामहरु बन्ने समय रहेको छ। तपाईको समस्या लाई अरु माझ राखेमा समस्या हल हुनेछ।




**वृष :** यात्राको अवसर आउने समय छ। प्रेम तथा मित्रताको समय रहेको छ । सहयोगिहरुको राम्रो साथ सहयोग रहने समय छ । घर परिवारमा रमाईलो छाउने समय रहेको छ । बिशिष्ट व्यक्तिसग भेटघाट रहने समय छ। व्यापार व्यवसायमा सफलता रहने समय छ । दैनिक कार्यमा ढिलाई रहने समय छ ।




**मिथुन :** अध्ययन अध्यापनमा समय दिन नसकिएला। सोचेको कार्यमा बाधा रहनेछ । बिगतमा सहयोग गर्छु भन्ने बाट धोका रहनेछ । व्यापारमा मध्ययम छ । बौद्धिक क्षमता भएका व्यक्तिहरु सग प्रतिस्पर्धा हुने देखिन्छ ।




**कर्कट :** मेहनत बाट कार्यमा अवश्य सफलता प्राप्त रहनेछ । तपाईको लागि अवसरहरु थुपै आउनेछन तर सोच बिचार गरेर अगाडि बढनु होला । कार्यमा केहि अल्छि पना आउने हुदा लगनशील बन्ने प्रयास गर्नुहोला। बादविवादमा नफस्नु होला । आफन्त तथा सहयोगिहरुको भूमिका बुझने प्रयास गर्नु




**सिंह :** नजिकका साथीहरु बाट बिश्वास घात रहनेछ। आफनो भन्दा बढि अरुको कार्यमा साथ सहयोग रहनेछ। बोल्दा बिचार गरेर बोल्नु होला। आफनो योजना आन्तरिक राखेर अगाडि बढनु होला। घर परिवारको साथ सहयोग बाट सफलता रहनेछ । जग्गा जमिन, कृषि क्षेत्रमा सफलता रहनेछ ।




**कन्या :** तपाईको मेहनत बाट कार्यमा सफलता रहनेछ। मान सम्मान मिल्ने समय रहेको छ । रोकिएका कामहरु बन्ने समय छ । व्यापार व्यवसायमा सफलता रहनेछ । प्रतिस्पर्धामा सफलता रहनेछ । अग्रज व्यक्तिहरुको साथ सहयोग रहनेछ । घराँयसी कार्यमा सफलता रहने समय छ। दैनिक कार्य ठिकै रहनेछन ।




**तुला :** आत्मा बिश्वास बढने समय रहेको छ तर आफुलाई समालेर अगाडि बढनु होला । अरुको नराम्रो सोच्नु भन्दा आफनै कमजोरी सुधार गर्दा सफलता रहनेछ । व्यापार व्यवसायमा खासै समय दिन नसकिएला। बिगतमा सहयोग गर्नेहरु बाट धोका छ। अध्ययनमा समय दिन नसकिएला। समय सजिलै बित्नेछ।




**वृश्चिक :** नबिन कार्यको आरम्भ हुने समय छ। बिगतको कार्य सफलताले साथ दिनेछ। घर परिवारमा रमाईलो हुनेछ। स्वादिष्ट भोजनको आनन्द प्राप्त गर्ने समय रहेको छ। आफनो गल्ति कमजोरी लाई सुधार गर्ने समय रहेको छ। आफनो दैनिक कार्यमा परिवर्तन हुनेछ समयलाई व्यवस्थापन गर्नुहोला।




**धनु :** बन्नै लागेको काम रोकिने समय रहेको छ। आफनो फाईदा खोज्दा समस्या आउने समय रहेको छ। खर्चमा बृद्धि रहने समय रहेको छ। घर बाहिरको कामको लागि सफलता रहने समय छ। बिदेश जानेको लागि राम्रो समय रहेको देखिन्छ । आफनै जिद्दीपनका कारण कार्यमा केहि प्रतिकुलता रहनेछ ।




**मकर :** तपाईको अगाडि थुपै अवसर आउनेछन तर सोच बिचार गरेर अगाडि बढनु होला। मेहनत बढि कम प्रतिफलमय समय रहेको देखिन्छ । पैसा सापटि समस्या आउनेछ । छेनिक कार्यहरु बाट बढि फाईदा हुने समय रहेको छ। समयलाई बुझेर अगाडि बढनु होला। अग्रजको सल्लाह सुझाव मान्नु होला।




**कुम्भ :** तपाईको कामको सर्न्दभमा बिभिन्न व्यक्तिहरु सग भेटघाट रहने समय देखिन्छ। गीत संगितमा रुचि जाग्ने समय छ। व्यापार व्यवसायमा सफलता रहने समय छ। आफनो क्षेत्रमा सफलता छ। बिभिन्न काममा हात हाल्ने समय रहेको छ। भबिश्यका लागि नयाँ कामको शुभारम्भ गर्ने समय छ।




**मीन :** फाईदा कम हुने कार्यमा बढि समय दिनु पर्ने छ । व्यापार व्यवसायमा खर्च गर्ने समय छ। तपाईको परिश्रम बाट बढि अरुलाई फाईदा रहने छ। सामाजिक कार्यमा लाग्ने बेला छ। स्वास्थ्यमा केहि प्रतिकुलता रहनेछ । सोचेको कार्यमा केहि अप्ठेरो होला । दैनिक कार्य लाई निरन्तरता दिदा सफलता देखिन्छ ।

# ‘भुमे गाउँपालिकाको पहिलो प्राथमिकता शिक्षा’

प्रभात गुरुङ/रेखदेख
रुकुम

भुमे गाउँपालिकाको पहिलो प्राथमिकता शिक्षा नै भएको बताएको छ । शिक्षा बिना विकास असम्भव हुने भन्दै भुमे गाउँपालिका अध्यक्ष रामसुर वुढाले यस्तो धारणा राखेका हुन् ।

मिक नेपाल रुकुमले आयोजना गरेको पढाई मेला समापन कार्यक्रममा बोल्दै अध्यक्ष बुढाले समाजको आर्थिक, सामजिक तथा मानवीय विकासका निम्ति पनि गुणस्तरीय शिक्षाको आवश्यकता रहेको अध्यक्ष वुढाले बताएका छन् । उनले भने, ‘विद्यालय शिक्षामै केन्द्रित रहेर भुमे गाउँपालिकाले विभिन्न योजनाहरु अगाडि सारिरहेको बताए ।’ उनका अनुसार-‘गुणस्तरिय शिक्षाको लागि शिक्षक, अभिभावक र विद्यार्थीबीच समन्वय हुनुपर्दछ ।’ नैतिक रुपमै शिक्षण पेशा अंगालेपछि कर्तव्य बहन गर्ने शिक्षकहरुको दायित्व हो, यसबाट पछि नहट्न शिक्षकहरुलाई आग्रह गरेका छन् । राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार



र काम चोर शिक्षकलाई कारवाहि समेत गरिने अध्यक्ष बुढाको भनाई रहेको छ। “शिक्षकहरु कारबाही भन्दा पनि पुरस्कृत भएको म हेर्न चाहन्छु अध्यक्ष बुढाले भने, ‘त्यसैले सबै शिक्षक पुरस्कारको अंशियार बन्न अनुरोध गरे ।’ त्यस्तै शिक्षक, अभिभावक र बिद्यार्थी तालमेल नमिल्दा पछिल्लो समय पढाईको गुणस्तर खस्कीएको भुमे गाउँपालिकका उपप्रमुख मनकुमारी वुढा विष्टले बताईन् । उनले भनीन, सबै तह तप्काबाट शिक्षाको गुणस्तर सुधार गर्न लाग्नु पर्ने बताईन्। शैक्षिक सुधारका अनेकौं प्रयासहरुमा यो पढाइ मेला अति नै उपयोगी साबित भएकोले यसको निरन्तरता दिनुपर्ने उपाध्यक्ष विष्टले बताईन् ।

कार्यक्रमको बोल्दै भूमि आधारभूत विद्यालयका शिक्षक चयन कुमार पुनले पालिका सरकारले विद्यालयको जीर्ण भौतिक संरचनाहरुको मर्मतका लागि गाउँपालिकाका अध्यक्ष उपाध्यक्षलाई अनुरोध गरेका छन्।

कार्यक्रममा बोल्दै वडा अध्यक्ष रामप्रसाद पुनले पनि विद्यालयको अवस्था खस्किँदै गइरहेको प्रति सबैको ध्यान केन्द्रित हुनुपर्ने बताए ।

कार्यक्रममा भूमे गाउँपालिका-१, का वडा अध्यक्ष रामचन्द्र पुन, वडा सदस्य दलमान घर्ती लगायत अन्य अभिभावक हरुको पनि उपस्थिति रहेको थियो ।

प्रारम्भिक तह पढाइ कार्यक्रम पढौं, सिकौं र जानौं भन्ने नाराका साथ रुकुम पूर्वको भुमे गाउँपालिका वडा नं. १ मा विद्यालय स्तरिय पढाइ सुरु गरिएको थियो। कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जान घर्तीले गरेको जनाएको छ । कार्यक्रममा बोल्ने अधिकांशले पढाइ मेलाले विद्यार्थीको सिकाइ अभिवृद्धिमा थप उर्जा मिलेको बताएका छन् । कार्यक्रममा दुबै विद्यालयका सहभागी विद्यार्थीहरु बिच लघु कथा बाचन प्रतियोगिता पनि गराइएको थियो । मेलाको सहजीकरण मिक नेपाल रुकुमका शिक्षण सिकाइ उत्प्रेरक बेदना बुढा मगरले गरेको जनाएको छ ।

# पार्टी दुव्लाउला है ?

## जनबोली

हेमराज श्रेष्ठ

२०७३ साल वैशाख ३१ गते भएको जननिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टिको फेरी उदय भएको स्थानिय सरकारको उदय पश्चात नेपाली जनतामा ठुलो आशा र भरोसा पलाएको देखिन्छ । स्थानीय सरकार वा संघीय सरकार, प्रदेश सरकार जनताप्रति वफादार रहन अति आवश्यक देखिन्छ। कम्युनिष्ट पार्टिको सत्ता आएपछि वर्ग संघर्षको रुपमा यसलाई सम्झीनु पर्छ। जनसंघठन र स्थानिय पार्टिका कार्यकर्तालाई सम्झीनु अति आवश्यक देखीन्छ । कार्यकर्तालाई नसम्झीय कम्युनिष्ट पार्टि निकै कमजोर हुन सक्छ । कम्युनिष्ट पार्टिको कार्यकर्ताहरुलाई जनताको सरोकारका विषयमा आवश्यकता अनुसारका काम गर्न लगाउने,कार्यकर्ता परिचालनको विषयमा पटक-पटक संघठनका विषयमा संघठन गर्ने, छलफल गर्ने आवश्यकता अनुसार जनसंघठन र समुदायका सवालको विषयमा छलफल गर्नु अति आवश्यक देखिन्छ । जनसरकार समुदायको कामका विषयमा छलफल गर्न, गरिव र गरिविताको विषयमा, नागरिक सवालको बिषयमा छलफल, वहस गर्ने योजना वनाउने, पारदर्शि रुपमा कार्यान्वयन गर्न सकेन भने कम्युनिष्ट पार्टी पछि पर्न सक्दछ। स्थानिय पार्टि कमिटिले गहन छलफल,संवाद, प्रजातान्त्रिक मुल्य मान्यता, आचार संहिताको अक्षरंश पालनका कामहरु नियमित हुन वर्तमान समयको माग रहेको छ । सरकारको नीति कार्यक्रमलाई कार्यकर्ताहरुले आफनो अनुकुल भन्दा सामरिक महत्वको विषयमा आम सर्वसाधारणको तह सम्म ल्याउनु यो युगको अनिवार्यता हो । त्यपछि मात्र समाजलाई रुपान्तरण गरेर समाजवाद तिर जाने आधार तयार हुन्छ। आर्थिक ,सामाजिक र संस्कृतिक रुपमा सही रुपमान्तरण भएमा मात्र समाजवादको आधार तयार गर्न सकिन्छ । समाजवादको लक्ष्य लिएको कम्युनिष्ट पार्टिको सही मर्म अनुरुप काम भएको देखिन्छ । स्थानिय सरकार आम जन्ताको सर कार भएकोले आम जन्ताको मन मनमा भिजेर काम गर्ने ईच्छा शक्ति, विधिको शासन, शुासनको प्रत्याभुक्ती र संविधानको मर्ममा रहेर काम गर्नु पर्ने वाध्याता नै हो । स्थानिय सरकारले भु-राजनितिक गर्नु अपर ाध हुन्छ । साच्चिकै कम्युनिष्टका सच्चा कार्यकर्ताहरुलाई कुनै पनि हालतमा विचलिन हुन दिनु हुदैन एक जना कार्यकर्ता विचलित भए वा पार्टि छोडेर कार्यकर्ता गएमा पार्टिका योजना, रणनिति र निकै गोप्य कुराहरु भंग हुन सक्छ । स्थानिय सरकारले ख्याल राख्नु पर्छ । अति अवश्यक कुरा कार्यकर्ताहरुले के खाए, कहाँ वसे, कार्यकर्ताहरु कुन वाटोमा हिडेका छन् गाँउ गाँउ, टोल टोलमा विकास निर्माणका कामहरु कसरी भएका छन् । विधि सम्वत छनकी छैनन् । विकासका अधिकारवाला सरोकार वालाहरु मैत्री विकास भएको छन की छैनन, भएका छन भने सुचकहरु के के छन ? एक वर्षमा निर्माण भएका कामको गतिविधी, योजना, आयोजनाको खास आयू कति हो ? त्यसको वैज्ञानिक मापदण्ड के हो ? त्यो योजना र आयोजना वाट जनताको जिवन स्तरमा के परिवर्तन आयो वा आउने आधार तयार छन ? भन्ने कुरा निकै ओजनदार, गहकीलो हुन्छ र हुन पर्दछ यि विषयहरुमा स्थानिय सरकारको अविभारा रहेको छ । त्यसैले कम्युनिष्ट पार्टिको समुदाय देखी, जिल्ला र केन्द्र सम्मका कुन कार्य कर्ताको हैसियत के हुने कस्तो वनाउने भन्ने विषयमा समेत वैचारिक संवादको अभाव हुनु हुदैन । पार्टिका सवै वर्गिय संगठनको प्रशिक्षण, संगठन विस्तारका कामहरु चलाएमान रुपमा सवैले अनुभव गर्ने देखिने गरी गर्नुपर्दछ नकी नातागोता, आफन्त आसेपासेहरुको मात्र पारि वारीक जमघाट भएमा सिंगो कम्युनिष्ट पार्टि दुव्लाउदै जान्छ ।




## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र विवाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

भुमे गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

‘सामाजिक परिवर्तनका लागि राष्ट्को पहरेदार’

**रेडियो गेमी त्रिवेणी एफ.एम.९४.३**

बिहान ५ बजेदेखि राती १० बजेसम्म सूचना, समाचार र संगितको साथी सधैं सुन्ने गरौ। साथै रेडियोमा सूचना समाचार र विज्ञापनको लागि सम्पर्क गनुहोला ।

**थप जानकारीको लागी**
रेडियो गेमीत्रिवेणी एफ.एफ.
मुसिकोट नपा. १ रुकुम फोन नं. ०८८-५३०२५०

# किन चिलाउँछ हत्केला ?



एजेन्सी - हत्केला शरिरको संवेदनशील अंगमध्ये एक हो। यो सबै भन्दा बढी प्रयोग वा उपयोगमा आउने अंग हो। त्यसैले हत्केला चिलायो भने यसले हाम्रो दैनिक गतिविधिलाई नै प्रभावित पार्छ। हत्केला चिलाउने समस्यालाई पैसा प्राप्त गर्ने वा गुम्ने परम्परागत मान्यतायसँग पनि जोडिएको पाइन्छ। हत्केला चिलाउनु पैसासँग कुनै साइनो छैन। हत्केला चिलाउनु र ोग नभए पनि विभिन्न तत्वहको परिणाम हो वा रोगको संकेत हो। छालाको कोषहरु तीव्र बृद्धि भएमा र छालाको सतहमा जम्मा भए पनि हत्केला चिलाउँछ। कहिल्यकाहिँ आफै छाला कन्याउँदा पनि यस्तो समस्या उत्पन्न हुन्छ।

झिंगाको संक्रममणले पनि यस्तो समस्या ल्याउँछ। झिंगा हत्केलाको माथिल्लो सतहमा बस्दा यो समस्या आउँछ। बढी भिडभाड भएको ठाँउमा झिंगाको संक्रमण हुने गर्छ। विशेष गरी बालबालिका र बृद्धबृद्धा यस्तो संक्रमणबाट प्रभावित हुन्छन्।

मधुमेह र छालाको समस्या पनि एक अर्कासँग सम्बन्धित हुन्छन्। तसर्थ अत्यधिक हत्केला चिलाउनु मधुमेहको पनि संकेत हो।

**हत्केला चिलाउनका केही कारण यस प्रकार छन् :**

प्राइमेरी बिलियरी सिर होसिसः लिभरसँग सम्बन्धित समस्याले पनि हत्केला चिलाउन सक्छ। कलेजोमा गम्भीर समस्या नआउँदै हत्केला र खुट्टाको पैतला चिलाउँछ। चिलाउने समय र अवस्था फरक फरक हुन्छ। कहिले अकस्मात हुन्छ भने कहिले दिन वा रातमा मात्र चिलाउँछ। रगत प्रवाह गर्ने प्रणालीमा र विशेष गरी लिभरमा एसिड उत्पन्न (बाइल एसिड) हुँदा हात हत्केला चिलाउँछ। हात चिलाउने समस्या रोक्न एन्टिहिस्टामाइन दिइन्छ।

खानेकुराको एलर्जीः खानेकुराको एलर्जीले पनि हत्केला चिलाउँछ। कसैकसैलाई कुनै खानाले एलर्जी गरि हाल्छ र त्यसको असर हत्केलामा देखिन्छ। अन्डा, बदाम, दूध र समुद्री खानेकुराले पनि कसैकसैलाई एलर्जी बनाउँछ। यी खाना खानेबित्तिकै कोहीकोहीलाई एलर्जी भइहाल्छ।

कार्पल टनेल सिन्ड्रोमः (नाडीको हड्डीको नसारुमा भएको चोटपछि हात र औलामा हुने पीडा) पनि हत्केला चिलाउँछ। शरिरमा मध्यम खालको नसा दबिएमा कार्पेल टनेल सिन्ड्रोम हुन्छ। अध्यधिक लेख्दा, टाइप गर्दा तथा हात र औलाहरुको बढी र्प्रयोग हुदा यस्तो अवस्था आउँछ। असन्तुलित तरिकाले हत्केला चिलाउनु कार्पल टनेल सिन्ड्रोमको संकेत हो।

औषधी वा शल्यक्तियाको तरिकाले पनि यो सिन्ड्रोमको उपचार गर्न सकिन्छ। एस्पिरिन, आईबुप्रोफिन, कोर्टिकोस्टेरोइड्सले नसाको दबाबलाई शान्त पारी हत्केला चिलाउन रोक्छ। नशालाई दबाब दिने तन्तुलाई शल्यक्रिया गरेर पनि चिलाउने समस्या रोक्न सकिन्छ।

इसेजमाः छालाको समस्याले पनि हत्केला चिलाउँछ। छालासमबन्धि यो रोग लाग्दा औलाहमा प्रभाव पार्छ। गर्मी र जाँडो मौसममा यसले प्रभाव पार्छ। अधिकांश इसेज्माको उचित उपचार छैन।

**कसरी बच्ने ?**

हातको राम्रो सरसफाई र विभिन्न प्रकारका लोसन र क्रिमले हत्केला चिल्लो पार्दा धेरै हदसम्म चिलाउने समस्याको समाधान हुन्छ। छालालाई कहिल्यै पनि सुख्खा नराख्ने। चिलायो भन्दै बेस्सरी रगेडेर कन्याउनु हुँदैन्। समस्या गम्भीर भयो भने तत्काल चिकित्सकको सल्लाहमा औषधी प्रयोग गर्नुपर्छ।हत्केला चिलाउने समस्याबाट निको पाउन सबैभन्दा पहिला त हात चिलाउनुको कारण बुझ्नु पर्छ। हत्केला चिलाउनुका विभिन्न कारण हुन्छन्। जाडो याममा हुने सुख्खा छाला वा बेस्सरी हात घोटेर धुदा पनि चिलाउने भएकोले ढुंगा वा जालीले हत्केला र गेड्नु हुँदैन।

# मलूकमा जातीय विभेद कायम रहे समृद्धि सम्भव छैनन्: मुख्यमन्त्री शाही

**रेखदेख संवाददाता**
**मुसीकोट**

कर्णाली प्रदेशका मुख्य मन्त्री महेन्द्रबहादुर शाहीले दलित समुदायले भोग्दै आइरहेको जातीय विभेद र छुवाछूत कायममै राखेर मुलुक सम्वृद्धि बन्न नसक्ने बताएका छन ।

राष्ट्रिय मानव अधिकार आयोगको आयोजना र दलित गैर सरकारी संस्था महासंघको समन्वयमा 'सबैका लागि घर घरमा मानव अधिकार : शाीन्त र विकासको आधार्' जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकार सम्बन्धमा प्रादेशिक सम्मेलनमा उद्धाटन सत्रमा बोल्दै मुख्य मन्त्री शाहीले यस्तो बताएका हुन ।

कर्णाली प्रदेशभित्र धेरै खाले विभेदहरु कायममै रहे पनि दलित समुदायमाथिको जातीय विभेद र छुवाछूतको समस्या चरम रुपमा बढेको बताउँदै सबै तह तप्काबाट दलितमाथि उत्पीडन रोक्न लाग्नुपर्ने बताए । 'दलित समुदायमाथि उत्पीडन निकै डर लाग्दो छ , यसलाई रोकथाम गर्न प्रदेश सरकारसँगै सबै निकायहरु लाग्नुपर्छ ।'दलित समुदायको आर्थिक ,सामाजिक ,सास्कृति र राजनीतिक लगायत मुद्दामा सुधार ल्याउने गरी कार्य योजना ल्याउने दावी गर्दै मुख्यमन्त्री शाहीले सम्वृद्ध नेपाल र सुखी नेपालीको नाराले दलित समुदायलाई छुन नसक्ने बताए । 'जबसम्म दलित समुदायलाई गरिबीको रेखाबाट माथि उठाउन सकिदैन ,तबसम्म मुलुक सम्वृद्ध र सुखी नेपालीको नाराबाट अगाडी बढ्न सक्दैन ।'

कर्णाली प्रदेशले दलित समुदायका लागि लक्षित गरेर २७ प्रतिशत बजेट तथा नीति कार्यक्रम ल्याउने भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विमला केसीले बताइन् । दलित समुदायमाथि भएको जातीय छुवाछूतको मुद्दाले राष्ट्रलाई लज्जाबोध बनाएको बताउँदै दलित समुदायको मुद्दा अब गैरदलित समुदायले उठाउनुपर्ने बताइन् ।

संविधानले सुनिश्चित गरेको दलित समुदायको हक अधिकारलाई सरकारले कार्यान्वयन नगरेको पूर्व स्वास्थ तथा जनसंख्या मन्त्री खड्क बहादुर बस्यालले बताए ।

संविधान कार्यान्वयनको चरण गएपनि दलितको पक्षमा लेखिएको कानुनहरु कार्यान्वयनमा जान नसकेको प्रदेशसभा संसाद सिता नेपालीले बताइन । यस्तै जातीय छुवाछूतको घटनाहरु बढ्दै गर्दा समेत सरकार गम्भिर बन्न नसकेको प्रदेश सांसद रातो कामीले बताए ।

संविधानले दिएको हक अधिकारलाई समेत दलित समुदायले आत्मसमान सहित अनुभूति गर्न नभएको राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुदिप पाठकले बताए ।


## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ । भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी वहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

**डिबिजन प्रमुख**
**खानेपानी तथा सरसफाई डिबिजन**
**कार्यालय रुकुम (पश्चिम)**

## ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

## प्रो.नवराज ओली

९८६६१६६५२२
९८०३५०८८५२

## निराजन गार्मेण्ठ एण्ड सप्लायर्स

मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी
रुकुम (पश्चिम)



हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसीमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।

जि.प्र.का.रूकुम द.नं. ६/२०७१/२०७२
रूकुम जि.हु.द.नं. ११/२०७१/२०७२



रुकुम पूर्वको जंगलमा भेडा चराउदै स्थानीय भेडापालन व्यवसायी । लामो खडेरी भएसँगै जंगलमा भेडाको लागि चरण अभाव रहेको भेडापालन व्यवसायी बताएका छन् । तस्वीर : रेखदेख

# यस्तो सहर : जहाँ ठट्टा गर्न पाइँदैन



कतिपय मानिसलाई निकै धेरै ठट्टा गर्नुपर्दछ। ठट्टै ठट्टामा समय कटाउन मन पराउँछन् उनीहरु । तर यो दुनियाँमा एउटा यस्तो सहर छ, जहाँ तपाइँले ठट्टा गर्नुभयो भने तपाइँले जरिवाना तिर्नु पर्दछ ।
फिलिपिन्सको बिनालोनान सहरमा ठट्टा गर्ने मानिसलाई जरिवाना मात्र होइन सडक सफा र फोहोर उठाउने सजाय पनि दिइन्छ ।
सहरमा अफवाह फैलिनबाट रोक्नका लागि यस्तो नियम सुरु गरिएको छ । सहरका मेयर रेमन गइकोले उक्त कानून यही मे महिनादेखि लागू गरका हुन् । फिलिपिन्सबाट २ सय किलोमिटर टाढा पर्ने उक्त सहरमा अनावश्यक गफ तथा कुराहरु गर्नुलाई गैरकानूनी ठहर गरिएको छ । सहरमा ठट्टा तथा अफवाहका कारण आपराधिक घटनामा वृद्धि भएको दाबी स्थानीय सरकारको छ । लागू भएको नयाँ कानून अनुसार अनावश्यक ठट्टा गर्नेलाई पहिलोपटक झण्डै ४ सय २० रुपैयाँ बराबरको जरिवाना गरिनेछ। त्यसका साथै ३ घण्टासम्म सडक सफा गर्ने तथा फोहोर उठाउनु पर्नेछ । दोश्रोपटक पनि अफवाह फैलाउने काम गरेमा जरिवाना तथा अरु सजायँ पनि बढ्नेछ । दोश्रोपटक ठट्टा गर्नेलाई झण्डै २१ सय रुपैयाँ बराबरको जरिवाना तथा ८ घण्टासम्म सडक सफा गर्ने सजायँ हुनेछ । स्मरण रहोस् बिनालोनानको छिमेकी सहर मोरेनमा पनि सन् २०१७ मा यस्तै नियम लागू गरिएको थियो । त्यहाँ ठट्टा गर्नेमाथि झनै चर्को जरिवानाको व्यवस्था छ । पछिल्लोपटक लागू गरिएको नियम अनुसार दिनभर ठट्टा गर्न नपाइएपनि रातको दश बजेपछि भने ठट्टा गर्न पाइन्छ । सरकारका अनुसार गर्मी बढेसँगै मानिसहरुमा ठट्टा गर्ने तथा अफवाह फैलाउने बानीमा वृद्धि हुन्छ । ४४ वर्षका मेयर रेमन गुईकोका अनुसार उक्त नियमबाट मानिसहरुले आफ्नो जिवनलाई उत्कृष्ट बनाउनका लागि प्रेरित हुनेछन् ।
एजेन्सीको सहयोगमा


## हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, विबाह कार्ड, शुभकामना कार्ड, कम्प्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

**हिमाली छापाखाना एण्ड स्टेशनरी पसल**
मुसीकोट नगरपालिका १ तल्लो बजार रुकुम (पश्चिम)
**फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१**



## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।


सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल



## शरीर मात्र स्वस्थ भएर पुग्दैन मन पनि स्वस्थ हुनुपर्छ ...



एक्लै बस्न रूचाउने, मन आत्तिइरहने, अरूको कुरा सुन्दैमा झर्को लाग्ने, निद्रा नपर्ने वा बारम्बार आत्महत्याको विचार आएमा .......



अचानक मुर्छा परेर बेहोस हुने, हात खुट्टा अर्रो (कडा) हुने र मुखबाट फिँज निस्किएमा ...




डराउने, आत्तिने, रूने र स्कुलमा एकपछि अर्को गर्दै बेहोस हुने समस्या देखा परेमा.......




बालबालिकामा पनि टोलाउने, बढी चकचक् गर्ने, डराउने, चुप लागेर बस्नै नसक्ने ... जस्ता समस्या देखिएमा ......

**नजिकैको स्वास्थ्य संस्थामा उपचार र मनो-परामर्शका निम्ति तुरून्तै लैजाउँ ..!**

एन. प्याफ. रूकुम | जिल्ला स्वास्थ्य कार्यालय, रूकुम | यु.एम.एन



## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**


रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम